## वीरेन्द्रनगर नगरकार्यपालीकाको बैठक संख्या ५५, मिती २०७६ जेष्ठ ०६ गतेका निर्णयहरु

निर्णय नं. १:

नगरपालिकाको सिटी बसपार्क निर्माण गर्ने कममा केहि आइटम नगर कार्यपालीकाको मिती २०७४ पौष १९ को निर्णय बमोजिम भेरियसन आदेश स्वीकृत गर्ने अख्तियारी नगर प्रमुखलाई दिइएकोमा मिती २०७५ श्रावण ०४ मा स्वीकृत दोस्रो भेरियसन आदेश(VO-2) बमोजिम निर्माण कार्य सम्पन्न भएको भनी अनुगमन समितीवाट सिफारिस भई आएकाले बसपार्कको As-Built Drawing स्वीकृत गर्दै प्राविधिक मुल्यांकन वमोजिम जम्मा सम्झौता रकममा नबढ्ने गरी अन्तिम बिल नियमानुसार स्वीकृत गरी भुक्तानीको प्रकिया अघि बढाउने ।

निर्णय नं. २:

यस नगरपालिकामा गत २०७१ साल श्रावण २८ र २९ गते आएको बाढि पहिरो बाट विस्थापित परिवारहरुलाई आवास निर्माण गर्ने सम्बन्धमा कर्णाली प्रदेश सरकार (मन्त्रीपरिषद्) बाट मिती २०७५।१२।२६ गते प्रति घर परिवार रु.३ लाखका दरले ३ किस्तामा कार्य प्रगतिका आधारमा रकम उपलब्ध गराउने भनी मिती २०७६।०१।३० गतेका दिन आन्तरिक मामिला तथा कानुन मन्त्रालय र वीरेन्द्रनगर नगरपालिका बिच भएको समझदारीका आधारमा विपद पिडित आवास निर्माण सहयोग कार्यविधी २०७६ अनुसार आवास निर्माण अनुदान रकम उपलब्ध गराउने । साथै सो कार्यको व्यवस्थापन सम्बन्धमा वडाले एक हप्ता भित्र निवेदन फारम संकलन गरि नगरकार्यपालिका कार्यालयमा पठाउने र यस सम्बन्धमा स्पष्ट हुन बाँकी विषयवस्तु विपद पिडित आवास निर्माण सहयोग कार्यविधि,२०७६ बमोजिम यस नगरपालिकाको गठित कार्यान्वयन समिती बाट निर्णय गरी प्रदेश स्तरिय निर्देशक समिती सँग समन्वय गरी कार्यसम्पादन गर्ने ।

निर्णय नं. ३:

वीरेन्द्रनगर नगरपालिका वडा नं.६ स्थित श्री जन नमुना माध्यमिक विद्यालयको गुरुयोजना स्वीकृत गरी नमुना विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ बमोजिम विद्यालय व्यवस्थापन समितिले निर्णय गरि यस नगरपाललिकामा स्वीकृतिका लागि पठाएका कियाकलाप मध्ये रु.१ करोड ५० लाखको सीमा भित्र रही २०७६ असार मसान्त भित्र कार्य सम्पादन गर्ने गरी दुई किस्तामा रकम उपलब्ध गराउने साथै अनुगमन मुल्यांकनका कार्यहरु नगरपालिकाको मापदण्ड बमोजिम हुने ।

निर्णय नं. ४:

यस नगरपालिकाको विगतको नगरसभाको निर्णय बमोजिम डिप बोरिङ सम्बन्धमा प्राविधिक अध्ययन नहुँदा सम्म नगर क्षेत्र भित्र डिप बोरिङ गरि पानी निकाल्न रोक लगाइएकोमा यस नगरपालीका बाट सुर्खेत उपत्यका भित्रका विभिन्न स्थानमा परिक्षण गरि प्राविधिक प्रतिवेदन समेत प्राप्त भएको हुँदा सोही प्रतिवेदनलाई आधार मानी डिप वोरिङ अनुमति तथा नियमन सम्बन्धी आवश्यक कार्यविधि तयार गरी पेश गर्न कार्यालयलाई जिम्मेवारी दिने ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ५५ मिति ०६।२।७६
को निर्णय प्रमाणित।

Scanned by CamScanner

निर्णय नं. ५:

वीरेन्द्रनगर नगरपालीका नगरकार्यपालिकाको मिती २०७६।०१।२९ गते टेबल गरिएका वीरेन्द्रनगर नगरपालीका,सवारी साधन संचालन कार्यविधि २०७६ लाई संशोधन सहित स्वीकृत गर्ने ।

निर्णय नं. ६:

वीरेन्द्रनगर नगरपालिकाको अटो डाइभिङ तालिममा सहभागीहरुका लागी वस्तुगत टेवा प्रदान निर्देशिका स्वीकृत गर्ने ।

निर्णय नं. ७:

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय कर्मचारी समायोजन शाखाको चं.न १३३ मिती २०७६।०१।१६ गतेको पत्र यस बैठकमा जानकारी भयो । सो पत्र अनुसार स्वत : सिर्जना हुने दरवन्दी संख्या स्वीकृती गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जानकारी गराउने ।

निर्णय नं. ८:

विभिन्न वडा बाट चालु आ.व ०७५।७६ का लागी स्वीकृत निम्न योजनाहरु विषेश कारण देखाई सम्पन्न गर्न नसकि योजना परिवर्तन गर्न अनुरोध गरेको हुँदा आयोजनाहरुको शिर्षक परिवर्तन गरि कार्यान्वयन गर्ने ।

निम्न

| क.स | साविकको योजनाको नाम | परिवर्तन भएको योजनाको नाम | रकम रु. |
|---|---|---|---|
| १ | लादेमा भ्यु टावर निर्माण वडा न १४ | वडा कार्यालयको तला थप | ७ लाख |
| २ | मनिराम भण्डारीको घर हुँदै टंक थापाको घर सम्मको गुरुयोजना सडक खोल्ने | समावेशि टोलको रत्न राजमार्ग जोडिने सडकमा नाला र कल्बर्ट निर्माण | ५ लाख |

निर्णय नं. ९:

वीरेन्द्रनगर नगरपालीका वडा नं. ४ बाट गत आ.व.२०७४।०७५ को वडाको सडक ग्राभेल योजना र भैरव मा.वी को भवन निर्माण कार्यको ठेक्का बचत रकम बाट संचालित आयोजनहरुको २०७६ जेष्ठ मसान्त सम्मको लागी म्याद थप गर्ने ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या २५ मिति २०७६।२।१६
को निर्णय प्रमाणित।

Scanned by CamScanner